नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिँहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या : २०७६/७७

चलानी नं : ३५

मिति : २०७६/०४/२८

श्री स्थानीय तहहरु सवै ।

विषयः विवरण उपलब्ध गराउने सम्बन्धमा

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्र संख्या ०७६/०७७ च.नं. ०९ मिति २०७६/०४/२७ को पत्र तथा सो साथ संलग्न कागजात यसैसाथ छ। संलग्न पत्रमा उल्लेख गरिए बमोजिमको विवरण तोकिएको ढाँचामा शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुरले पाउने गरी पत्रमा उल्लेख गरिएको e-mail ठेगानामा उपलब्ध गराईदिनुहुन आदेशानुसार अनुरोध छ ।

(केशवराज पाधे)
शाखा अधिकृत

बोधार्थः

श्री शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालय-सिहँदरवार काठमाडौ ।

श्री सूचना तथा प्रविधि शाखा – वेव साईटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
योजना तथा विकास शाखा

पत्र संख्या :- ०७६/७७
चलानी नं :- ०९

सिंहदरबार
काठमाडौं, नेपाल
मिति : २०७६।०४।२७

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार ।

विषय : परिपत्र सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा आर्थिक वर्ष २०७५।७६ मा सम्पादन भएका विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत ससर्त अनुदानका रुपमा वित्तीय हस्तान्तरण भएका क्रियाकलापहरुको प्रगति विवरणका आधारमा एकीकृत प्रगति विवरण तयार गरी मन्त्रालय र विकास साझेदारहरु समक्ष सम्प्रेषण गर्नु पर्नेमा हालसम्म पनि स्थानीय तहहरुबाट प्रगति विवरण प्राप्त हुन नसकेकोले प्रगति विवरण तयार गर्न कठिनाइ भएको व्यहोरा उल्लेख गरी तहाँ मन्त्रालय मार्फत स्थानीय तहहरुमा परिपत्र गरिदिन हुन शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.न.२९ मिति २०७६।०४।२६ को पत्रबाट यस मन्त्रालयमा अनुरोध भइ आएकोले २०७६ श्रावण मसान्त भित्र आर्थिक वर्ष २०७५।७६ को तेस्रो चौमासिकको प्रगति विवरण तोकिएको ढाँचामा स्थानीय तहहरुबाट शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीमा उपलब्ध गराउने व्यवस्थाका लागि सबै स्थानीय तहहरुमा तहाँ मार्फत परिपत्र गरिदिनु हुन यस मन्त्रालयको मिति २०७६।०४।२७ को निर्णय (सचिवस्तरीय) अनुसार अनुरोध छ । प्राप्त कागजातको प्रतिलिपि यसैसाथ संलग्न छ ।

(गोपालनारायण श्रेष्ठ)
शाखा अधिकृत

बोधार्थ :
श्री शिक्षा तथा मानव स्रोतविकास केन्द्र
सानोठिमी, भक्तपुर ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प.सं. : आ.प्र. २०७६/७७
च.नं. : २९

मिति : २०७६/०४/२६

विषय : वार्षिक प्रगति विवरण सम्बन्धमा ।

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूको प्रगति विवरणका आधारमा यस केन्द्रले एकीकृत प्रगति विवरण तयार गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विकास साझेदारहरू समक्ष सम्प्रेषण गर्नु पर्ने भएकाले प्रदेश सामाजिक विकास मन्त्रालय तथा पालिकाहरूमा वित्तीय हस्तान्तरण भएको सशर्त अनुदानबाट कार्यान्वयन भएका कार्यक्रमहरूको आ.व. २०७५/७६ को तेसो चौमासिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको १० दिनभित्र म.ले.प.फा.नं. २७५ को अनुसूची ७ तथा ८ बमोजिमको ढाँचामा तयार गरी यस केन्द्रको इमेल ठेगाना education.interaction@gmail.com मा समेत प्राप्त हुने गरी पठाइदिनु हुन सबै प्रदेश सामाजिक विकास मन्त्रालय तथा पालिकाहरू अनुरोध गरी गोरखापत्रमा तथा यस केन्द्रको वेवसाइट www.doe.gov.np मा सूचना प्रकाशित गरिएकोमा सबै स्थानीय तहहरूबाट हालसम्म उल्लेखित विवरण प्राप्त भइनसकेकोले सबै स्थानीय तहहरूबाट संलग्न ढाँचा बमोजिमको प्रतिवेदन ढिलोमा २०७६ श्रावण मसान्तसम्ममा यस केन्द्रमा प्राप्त हुने गरी पठाउने व्यवस्थाका लागि तहाँ मन्त्रालयबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा परिपत्र हुन अनुरोध छ ।

बाबुराम पौडेल
महानिर्देशक

बोधार्थ :
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय तह समन्वय शाखा
सिंहदरबार, काठमाडौं ।

<u>प्रगति प्रतिवेदनको ढाँचा</u>

................................ प्रदेश/ सामाजिक विकास मन्त्रालय / महानगरपालिका /उपमहानगरपालिका/ नगरपालिका/गाउँपालिका

**म.ले.प.फा.नं. २७५ को अनुसूचि-७**

आर्थिक वर्ष : २०७५/०७६ को तेश्रो चौमासिक

संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम

| सि.नं. | बजेट उपशीर्षक | हाल (तेश्रो चौमासिक) सम्मको निकासा | गत अवधि (दोश्रो चौमासिक) सम्मको खर्च | यो अवधि (तेश्रो चौमासिक) को खर्च | जम्मा खर्च |
|---|---|---|---|---|---|
| | संघीय सरकारका कार्यक्रम | | | | |
| | सबैको लागि शिक्षा – आधारभूत तह | | | | |
| | विद्यालय क्षेत्र विकास कार्यक्रम –जिल्लास्तर | | | | |
| | विद्यालय क्षेत्र विकास कार्यक्रम –केन्द्रस्तर | | | | |
| | पढाई सीप प्रवर्द्धन कार्यक्रम | | | | |
| | सबैको लागि शिक्षा-शिशु विकास कार्यक्रम | | | | |

विद्यालय क्षेत्र विकास कार्यक्रम (केन्द्रस्तर/जिल्लास्तर)/ राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रम/सबैका लागि शिक्षा शिशु विकास कार्यक्रमको प्रगति विवरण

| सि.नं. | क्रियाकलाप नं. | क्रियाकलापको नाम | विनियोजित कुल रकम | खर्च भएको रकम | भौतिक लक्ष्य | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १.१.१.१४ | शिक्षकको जगेडा तलब | | | | | |
| २ | १.२.३.५ | आधारभूत तथा माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत कोटा अनुदान शिक्षक एवम् प्राविधिक धारका प्रशिक्षक तथा सहायक प्रशिक्षकका लागि तलब भत्ता अनुदान | | | | | |
| ३ | २.१५.११.७६१ | कक्षा १-१० सम्म अध्ययनरत विद्यार्थीहरुका लागि पाठ्यपुस्तक अनुदान | | | | | |
| ४ | २.१५.११.७६८ | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान (आधारभूत तथा माध्यमिक तह) | | | | | |
| ५ | २.१५.११.७६९ | प्रारम्भिक बाल विकास / पूर्व प्राथमिक कक्षाका सहजकर्ताहरुको पारिश्रमीक | | | | | |
| ६ | २.१५.११.७७० | शिक्षण सिकाइ सामग्री तथा Book Corner व्यवस्थापन तथा निरन्तर विद्यार्थी मुल्यांकनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा बालविकास-१२) | | | | | |
| ७ | २.१५.११.७७१ | कक्षा ११-१२ मा अध्ययनरत तोकिएका लक्षितवर्गका विद्यार्थीहरुका लागि पाठ्यपुस्तक उपलब्ध गराउन विद्यालयलाइ अनुदान | | | | | |
| ८ | २.१५.११.७७२ | सामुदायिक विद्यालयमा आधारभूत तथा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुकालागि गैरआवासीय आवासिय छात्रवृत्ती | | | | | |
| ९ | २.१५.११.७७४ | सामुदायिक विद्यालयमा आधारभूत तथा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुकालागि आवासिय छात्रवृत्ती | | | | | |
| १० | २.१५.११.७७५ | विशेष शिक्षा सञ्चालित विद्यालयका लागि अनुदान | | | | | |
| ११ | २.१५.११.७७६ | परंपरागत धार्मिक तथा वैकल्पिक विद्यालय सञ्चालन अनुदान | | | | | |
| १२ | २.१५.११.७७७ | वहुकक्षा/वहुस्तर वहुभाषिक कक्षा सञ्चालनका लागि अनुदान | | | | | |
| १३ | २.१५.११.७७८ | तोकिएका Pocket क्षेत्र तथा अति सिमान्तकृत, लोपोन्मुख जातिका (लक्षित समूहका) बालबालिकाहरुका एवम् तोकिएका जिल्लाका विद्यार्थीका लागि दिवा खाजा उपलब्ध गराउन विद्यालयहरुलाइ अनुदान | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | २.१५.११.७७९ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन | | | | | |
| १५ | २.१५.११.७८० | प्राविधिक धार सञ्चालन गर्ने विद्यालयलागि ल्याव व्यवस्थापन तथा प्रति विद्यार्थी लागत अनुदान | | | | | |
| १६ | २.१५.११.७८१ | विद्यालय भवन निर्माण (अघिल्लो आ व को क्रमागत ४ कोठे भवन | | | | | |
| १७ | २.१५.११.७८३ | विशेष विद्यालयको आवास सहितको भवन निर्माण क्रमागत | | | | | |
| १८ | २.१५.११.७८४ | नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान | | | | | |
| १९ | २.१५.११.७८५ | कक्षा ८ को परीक्षा सञ्चालन व्यवस्थापन खर्च | | | | | |
| २० | २.१५.११.७८६ | उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाइ सिकाइ सुदृढीकरण तथा विद्यालयलाइ कार्य सम्पादनमा आधारित अनुदान( Performance based Grants) | | | | | |
| २१ | २.१५.११.७८७ | शिक्षकको शिक्षण सिकाइमा विताउने समयावधी सुधार योजना कार्यान्वयन | | | | | |
| २२ | २.१५.११.७८८ | माध्यामिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फिक्सींड, किताव खरिद, तथा इ पुस्तकालय समेत) | | | | | |
| २३ | २.१५.११.७८९ | शिक्षण सिकाइमा ICT को प्रयोग( कम्प्यूटर, इन्टरनेट, कनेक्टिभिटी इक्युपमेन्टस तथा Kits खरिद) का लागि अनुदान | | | | | |
| २४ | २.१५.११.७९१ | सडक वालवालिका तथा वालश्रमिकको लागि आवासीय शैक्षिक प्रवन्ध | | | | | |
| २५ | २.१५.११.७९२ | माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | | | | | |
| २६ | २.१५.११.७९३ | प्रारम्भिक पढाइ सीप विकासका लागि न्युनतम प्याके | | | | | |
| २७ | २.१५.११.७९४ | गणित विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री Kits अनुदान | | | | | |
| २८ | २.१५.११.७९६ | सहिद स्मृति विद्यालयलाई अनुदान | | | | | |
| २९ | २.१५.११.७९७ | WASH सुविधा सहितको सौचालय निर्माण अनुदान | | | | | |
| ३० | २.१५.११.७९८ | विद्यालय सञ्चालन व्यवस्थापन अनुदान | | | | | |
| ३१ | २.१५.११.७९९ | शिक्षक नियमितताको अनुगमनको लागि विव्यस शिअसको क्षमता विकास | | | | | |
| ३२ | २.१५.११.८०० | प्रारम्भिक पढाइ सिपकार्यक्रमको कार्यान्वयनको स्रोत केन्द्र स्तरीय पुनरावलोकन (अर्धवार्षिक र वार्षिक रुपमा गरी वर्षको २ पटक) स्रोतकेन्द्रको लागि | | | | | |
| ३३ | २.१५.११.८०१ | शिक्षकको पेसागत सम्विन्धित स्रोत केन्द्र स्तरीय चौमासिक समीक्षा वैठक तथा अन्तरक्रिया स्रोतकेन्द्रको लागि | | | | | |
| ३४ | २.१५.११.८०२ | कार्यक्रम अनुगमन, प्रतिवेदन तयारी | | | | | |
| ३५ | २.१५.११.८०३ | स्थानीय तह स्तरीय एकिकृत वाल विकास योजना कार्यशाला | | | | | |
| ३६ | २.१५.११.८०४ | प्रारम्भिक पढाई कार्यक्रम र वालमैत्री ढाँचाको कार्यान्वयन तथा अनुगमन | | | | | |
| ३७ | २.१५.११.८०५ | शिक्षा कक्षामा वालिका पहुचको कार्यान्वयन | | | | | |
| ३८ | २.१५.११.८०७ | लैंगिक सम्पर्क बिन्दु तथा लैंगिक संजाल अभिमुखिकरण तथा सुझाव पेटिकाको व्यवस्थापन | | | | | |
| ३९ | २.१५.११.८०८ | सुरक्षित विद्यालय तथा विद्यालय शान्तिक्षेत्र | | | | | |

कार्यान्वयनका क्रममा तहाँबाट गरिएका असल अभ्यास भए उल्लेख गर्ने :

यस अवधिमा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या भए बुँदागत रुपमा उल्लेख गर्ने :

समाधानका लागि तहाँबाट गरिएका प्रयासहरु भए बुँदागत रुपमा उल्लेख गर्ने :

आगामी वर्षको कार्यक्रमलाई थप प्रभावकारी वनाउनका लागि सुझावहरु भए बुँदागत रुपमा उल्लेख गर्ने :

हस्ताक्षर :

पद :

कार्यालयको छाप :

माथि उल्लिखित प्रतिवेदनको फाराम (Excel Sheet) यस केन्द्रको वेबसाईट www.doe.gov.np मा उपलब्ध छ । उक्त फाराम Download गरी सफ्टकपी र प्रमाणित Hard Copy, education.interaction@gmail.com मा समेत पठाउनु हुन अनुरोध छ ।